# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बज्रबाराही, ललितपुर

बागमती प्रदेश, नेपाल

# स्थानीय राजपत्र

भाग - २ | अङ्क-५३ | २०८०/०९/०८


नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४
बमोजिम नगरकार्यपालिकाको बैठक
**२०८०/०९/०८ बाट स्वीकृत**

# सामुदायिक विद्यालयमा आफ्ना बालबालिका पठनपाठन गराएका अभिभावकहरुलाई घर नक्सा पासमा छुट उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०८०

सार्वजनिक जानकारी तथा कार्यान्वयनका लागि
*देहाय बमोजिम प्रकाशित गरिएको छ ।*

# सामुदायिक विद्यालयमा आफ्ना बालबालिका पठनपाठन गराएका अभिभावकहरुलाई घर नक्सा पासमा छुट उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०८०

**प्रस्तावनाः**

गोदावरी नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुलाई नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयमा आफ्ना बालबालिका पठन पाठन गराउन उत्प्रेरित गर्ने उद्देश्यले अभिभावकहरुलाई घर नक्सा पासमा छुट दिन वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चोलन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले यो कार्यविधि तर्जुमा गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "सामुदायिक विद्यालयमा आफ्नो बालबालिका पठनपाठन गराएका अभिभावकहरुलाई घर नक्सा पासमा छुट उपलब्ध गराउने सम्बन्धी कार्यविधि **२०८०**" रहेकोछ।

(२) यो कार्यविधि नगरकार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"नगरपालिका"** भन्नाले गोदावरी नगरपालिका सम्झनुपर्छ।

(ख) "प्रमुख प्रशासकीय अधिकृत"भन्नारले गोदावरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ग) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारको अनुदान प्राप्त भई सञ्चालनमा रहेका र सरकारको स्वामित्वमा रहेका विद्यालय सम्झनु पर्छ ।

(घ) **"नगर कार्यपालिका"**भन्नाले गोदावरी नगरकार्यपालिका सम्झनुपर्छ ।

(ङ) "आवासीय भवन" भन्नााले आवासीय प्रयोजनका लागि बनेको भवनलाई सम्झनुपर्छ ।

(च) **"मिश्रित आवासीय भवन"**भन्नाले तल्लो तला व्यापारिक प्रयोजनमा रहेको र माथिल्लो तला आवासीय प्रयोजनमा भएको भवनलाई सम्झनुपर्छ ।

## परिच्छेद – २
## उद्देश्य र सञ्चालनको रणनीति

३. **उद्देश्यः** (१) यस कार्यविधिको उद्देश्य गोदावरी नगर क्षेत्रभित्र अभिभावकहरुले आ-आफ्ना बालबालिका सामुदायिक विद्यालयमा पठन पाठन गराएका अभिभावकहरुलाई घर (आवासीय र मिश्रित आवासीय भवन) नक्सा पासमा छुट दिनु हो ।

## परिच्छेद – ३
## संचालन विधि

४. **घर नक्सा पासमा छुटको प्रक्रिया :** (१) नगर क्षेत्रभित्र नक्सा पास गरी भवन निर्माण गर्दा लाग्ने दस्तुरमा निम्ति देहाय बमोजिमको प्रकृया पुरा गर्नुपर्नेछ :

(क) अभिभावकहरुले आफ्नो बालबालिकालाई कम्तीमा एक बर्ष अगाडीदेखि सामुदायीक बिद्यालयमा पठनपाठन गराएको हुनुपर्नेछ ।

(ख) सामुदायिक विद्यालय नेपाल भरीको हुनुपर्नेछ ।

(ग) सामुदायिक बिद्यिलयमा पठन पाठन गराएको हकमा ५० प्रतिशत छुट दिनेछ ।

५. **घर नक्सा पासका लागि पेश गर्नुपर्ने कागजात :** (१) घर नक्सा पासका लागि पेश गर्नुपर्ने कागजातहरु देहाय बमोजिम हुनुपर्नेछ,-

(क) अध्ययन गर्दै गरेको सामुदायिक विद्यालयको सिफारिस पत्र (विगत कति वर्षदेखि अध्ययन गरेको खुलाउनुपर्ने)

(ख) वडा कार्यालयबाट नाता खोल्ने कागजात

(ग) पासपोट साइजको फोटो - अभिभावक/विद्यार्थी दुवैको )

६. **वडा कार्यालयको भूमिका :** (१) सामुदायिक विद्यालयमा आफ्ना बालबालिका पठनपाठन गराएका अभिभावकहरुलाई घर नक्सा पासमा छुट उपलब्ध गराउने प्रयोजनका लागि वडा कार्यालयको भूमिका देहाय बमोजिम हुनेछ ।

(क) अभिभावकहरुको तर्फबाट माग भए बमोजिम विद्यार्थी एकीन गरी आवश्यक सिफारिस गरिदिने।

७. **विद्यालयको भूमिका :** (१) सामुदायिक विद्यालयमा आफ्ना बालबालिका पठनपाठन गराएका अभिभावकहरुलाई घर नक्सा पासमा छुट उपलब्ध गराउने प्रयोजनका लागि विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ ।

(क) अभिभावकको तर्फबाट माग भए बमोजिम निजको बालबालिका विद्यालयमा विगत कति वर्ष देखि अध्ययनरत रहेको खुलाई सिफारिस गरिदिने ।



## परिच्छेद – ४
## कसुर उपर दण्ड सजाय

८. **कसुर उपर दण्ड सजायः** यस कार्यविधिमा उल्लेखित विषय विपरीत झुठा विवरण पेश ~~गरेर विधा लिने कार्य~~ गरेमा प्रचलित कानून वा स्थानीय कानून बमोजिम जरिवाना र दण्ड सजाय हुनेछ।

## परिच्छेद –५
## विविध

९. **कार्यविधिको व्याख्याः** यस कार्यविधिमा उल्लेखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या नगर कार्यपालिकाले गर्नेछ।

१०. **बाधा अड्चन फुकाउः** स्थानीय सरकार संचालन ऐन, २०७४ र यस कार्यविधिमा व्यावस्था भए बाहेकका विषयमा नितिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय नगरकार्यपालिकाले गर्नेछ ।

## अनुसूची-१
## छुटका लागि दिने निवेदनको ढाँचा

मितिः ... ... ... ... ...

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गोदावरी नगरपालिका ।

महोदय,

गोदावरी नगरपालिकामा रहेका सामुदायिक विद्यालयमा आफ्ना बालबालिका पठनपाठन गराएका अभिभावकहरूलाई घर नक्सापासमा ५०प्रतिशत छुट कार्यविधि बमोजिमले छुटका लागि संलग्न हुन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु । विवरण झुटो ठहरिए प्रचलित कानून बमोजिम कारवाही भएमा मेरो मञ्जुरी छ ।

निवेदकको नामः

स्थायी ठेगानाः प्रदेश ... ... ... जिल्ला ... ... ... ... न.पा./गा.पा ... ... ... ... वडा नं. ... ... ... ...

भवन निर्माण गर्ने स्थानः

मोवाइल नं.:

बालबालिकाको नामः

बालबालिकाअध्ययन गरेको विद्यालयको नामः

सामुदायिक विद्यालयमा अध्ययन थालनी मितिः

**संलग्न कागजात :**

१. अभिभावकको नागरिकताको प्रतिलिपिः १ थान
२. वडा कार्यालयबाट नाता प्रमाणितः १ थान
३. विद्यालयको सिफारिसः १ थान
४. पासपोर्ट साइजको फोटोः २ थान
५. गोदावरी नगरपालिका बाहिरबाट भएमा उक्त स्थानीय तहको सिफारिस पत्र

माथि उल्लिखित विवरण ठिक साँचो हो, गलत प्रमाणित भई निवेदन बदर भएमा कुनै आपत्ती छैन भनी सहीछाप गर्नेः

आज्ञाले
अच्युतराज रेग्मी
प्रमुख प्रशासकीय अधिकृत